# भीमफेदी गाउँपालिका

## भीमफेदी, मकवानपुर

गाउँ सभामा पेश मितिः२०८२/०३/१० गते

# आ.ब.०८२/०८३ को बार्षिक निति/कार्यक्रम

प्रस्तुतकर्ताः-
संजिव श्रेष्ठ
उपाध्यक्ष
भीमफेदी गाउँपालिका

आजका यस गरिमामय सभाका सभाध्यक्ष ज्यू,

सभाका सदस्यज्यूहरू,सचिवज्यू, राष्ट्रसेवक कर्मचारी तथा अन्य उपस्थित सम्पूर्ण महानुभावहरु !

१. मुलूकमा संघीय शासन प्रणालीको अवलम्वन भएको र ३ तहको शासकीय ब्यवस्था बमोजिम भीमफेदी गाउँपालिकाको गाउँ सभाको बाह्रौं अधिवेशनमा यस गाउँपालिकाको आगामी आ.व. २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु। आजको यस महत्त्वपूर्ण घडीमा लोकतन्त्र प्राप्ति तथा गणतन्त्रको उपलब्धिलाई संरक्षण गर्नका लागि समय समयमा भएका नेपाली जनताको वलिदानपूर्ण संघर्ष तथा जनआन्दोलनका क्रममा दिवङ्गत हुनु भएका सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धान्जली प्रकट गर्दै घाइते हुनु भएका सम्पूर्ण शीघ्र स्वास्थ लाभको कामना गर्दछु।

२. स्थानीय सरकार नै संघीयता कार्यान्वयनको प्रमुख एवं अभिन्न अङ्ग भएकोले सवल एवं सक्षम स्थानीय सरकारले नै संघीयता कार्यान्वयनलाई मजबुत बनाउन सक्दछ। स्थानीय श्रोत साधनको अधिकतम परिचालन, न्यायोचित वितरण, अधिकार, पहुच एवं अवसरलाई नागरिकको घर दैलोमा पुर्याउनमा स्थानीय सरकारको प्रमुख एवं महत्वपुर्ण भुमिका रहन्छ। अझ भन्नुपर्दा स्थानीय सरकार प्रत्येक नागरिकको अभिभावक हो, जसले नागरिकलाई आधारभूत, विकासात्मक र सेवात्मक सुविधा उपलब्ध गराउँदछ। स्थानीय सरकार नागरिकले हेर्दा देखिने, छाम्दा भेटिने र बोलाउँदा सुनिने सरकार हो र हुनुपर्दछ।

३. बढ्दो सार्वजनिक ऋणको भार, तीव्र शहरीकरण, निराशापूर्ण उत्पादन र उत्पादकत्व, उच्च व्यापार घाटा र विश्वव्यापी आर्थिक मन्दीको असरले मुलूकको अर्थतन्त्र अपेक्षित गतिमा विस्तार हुन सकेको छैन। जसका कारण मुलुकको आन्तरिक सक्षमताको स्थिति कमजोर हुन गएको छ। सो को प्रभाव संघीय र प्रदेश सरकारको आगामी वर्षको बजेटमा परिसकेको छ। यसर्थ यस गाउँपालिकाको आगामी बर्षको बजेटको आकार पनि प्रभावित हुने भएको छ।

४. लोककल्याणकारी राज्य व्यवस्थाको अवधारणा बमोजिम स्थानीय जनताको इच्छा, चाहना र अधिकारलाई केन्द्रबिन्दुमा राखी जनआकाक्षां र जनभावना प्रतिबिम्बित हुने खालका कार्यक्रम र आयोजना तय गरी सो को प्रभावकारी कार्यान्वयनबाट नागरीकलाई सन्तुष्टी प्रदान गर्न भीमफेदी गाउँपालिका प्रतिबद्ध छ। यसका लागि सरोकारवाला सबैको साथ र सहयोगको अपेक्षा पनि गाउँपालिकाले राखेको छ।

हिदम लामा
अध्यक्ष

सभाध्यक्षज्यू,

अब म चालु आ.व.२०८१/८२ मा यस गाउँपालिकाले गरेका मुख्य मुख्य कामहरुको संक्षिप्त समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

(क) आर्थिक विकास तर्फः-

५. रैथाने वाली खेती प्रोत्साहनका लागि नगद अनुदान कार्यक्रम अन्तर्गत १ देखी ८ नं वडाहरुमा कोदो खेती गर्ने कृषकहरुलाई २ देखी ९ रोपनी क्षेत्रफलमा रैथाने वाली (कोदो) वाली लगाएको हकमा १८००/- र १० रोपनी देखी माथि रु.१६००/-को दरले कुल ३२,०८,२०८/-(अक्षरेपी रु. बत्तिस लाख आठ हजार दुई सय आठमात्र) प्रोत्साहान रकम ४२४ जना लाभान्वित कृषकहरुलाई भुक्तानी भएको छ। यसै गरी समग्र भीमफेदी गाउँपालिकामा अनुमानित ५०१३ रोपनी क्षेत्रफलमा कोदो लगाईएको अनुमान छ जस्मा कुल उत्पादन ५०९ मे.टन कोदो उत्पादन हुने अनुमान गरिएको छ। गत आ.व को तथ्याङ्क तुलना गर्दा यस आ.व मा कोदो खेतीको क्षेत्रफल तथा परिमाणमा वृद्धि भएको पाईन्छ।

६. एक वडा एक कृषि उत्पादन कार्यक्रम अन्तर्गत भीमफेदी गाउँपालिका वडा नं ५ मा व्यवसायीक किवी खेती कार्यक्रम सञ्चालन भएको छ। यस कार्यक्रममा किवीको विरुवा, किवीको लागी थाँक्रा, उत्पादन सामाग्री, कृषि उपकरणहरु लगायत लागत साझेदारिमा वितरण भएको छ।

७. भीमफेदी गाउँपालिकाको वडा नं. १ देखी ९ सम्मको कृषकहरुको खेतबारीको २६९ वटा माटोको नमूना संकलन गरी माटो परिक्षण गरि त्यस क्षेत्रको माटोमा रहेका खाद्य तत्वहरुको अवस्था, अम्लिय तथा क्षारियपना, प्राङ्गारिक पदार्थ आदिको पहिचान, सन्तुलित रुपमा रासायनिक मलहरु प्रयोग गर्ने तरिका सिकाइयो र माटोको उर्वरशक्ति ह्यसलाई सुधारका लागि कृषकहरुलाई निःशुल्क कृषि चुन ३८ टन (७६० वोरा) २३६ जना लाभान्वित कृषकहरुलांई वितरण गरियो।

८. कृषि उत्पादक्त्व वृद्धिको लागि ५० प्रतिशत अनुदानमा १४९७ के.जी हाईब्रिड धानको विउ वितरण गरिएको छ। उक्त कार्यक्रमबाट कुल ३३८ जना कृषकहरु लाभन्वित भएका छन्।

९. भीमफेदी वडा नं. ३ अन्तर्गत गोठडाँडा कृषक समूह र सम्झना कृषि सहकारी संस्था लाई कुल ४०५० के.जी कपुरकोट-२ जातको अदुवाको विउ र विषादी वितरण भएको छ साथै ५ वटा ७ HP को मिनी टिलर खरिदको प्रक्रियामा रहेको छ। अदुवा खेती सम्बन्धि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको।

१०. व्यवसायिक तरकारी उत्पादन कार्यक्रम अन्तर्गत भीमफेदी वडा नं. ४ मा सुनौलो अभियान कृषि तथा दुग्ध उत्पादक कृषक समूह संग सम्झौता भए बमोजिम आलुको विउ, विषादी, खाद्यतत्व आदि वितरण भएको छ। यस कार्यक्रम मार्फत कुल १५ जना कृषकहरु लाभान्वित भएका छन्। २०-२५ टन आलु उत्पादन गर्ने लक्ष्य रहेको। कृषकहरु व्यवसायीक खेति गर्न उत्साहित रहेको। उत्पादन पश्चात विउलाई कोल्डस्टोरमा राख्ने तयारी भएको।



हिदम लामा
अध्यक्ष

११.च्याउ (कन्ये, सिताके) खेति विस्तार कार्यक्रम अन्तर्गत भीमफेदी गाउँपालिका वडा नं. २ मा व्यवसायीक सितेके च्याउ खेति विस्तार कार्यक्रम सञ्चालन भएको। यस कार्यक्रम अन्तर्गत ४५० के.जी. सिताके च्याउको विउ तथा आवश्यक उत्पादन सामग्रीहरु (मुडा, हिल टयाङ्क, टनेल प्लाष्टिक) ५० % अनुदानमा वितरण गरिएको छ।

१२.स्ट्रबेरी खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत भीमफेदी गाउँपालिका वडा नं. ९, अघोर मा व्यवसायीक स्ट्रबेरी खेती विस्तार कार्यक्रम सञ्चालन भएको थियो। यस कार्यक्रम अन्तर्गत १८०० वटा स्ट्रबेरीको वेर्ना तथा उत्पादन सामाग्री (थोपा सिंचाई सेट, मलच्छिङ्ग प्लाष्टिक, सिंचाई मोटर) ५० % अनुदानमा वितरण गरिएको छ।

१३.कृषि पेशालाई आधुनिकीकरण तथा यान्त्रिकीकरण गरी सरल र सहज बनाउनुका साथै कृषि पेशालाई मर्यादित र व्यवसायीकरणतर्फ उन्मुख गराउने उद्धेश्यका साथ चालु आ.व.०८१/०८२ मा पनि विभिन्न कृषि औजारहरु जस्तैः मिनि टिलर (७ HP)को ३५ थान वितरण गरिने छ। उक्त कार्यक्रम बाट ६० जना कृषकहरु लाभान्वित हुनेछन्।

१४.५०% अनुदानमा गाईपालन प्रवर्द्धन कार्यक्रम (भीमफेदी-४,५)-भीमफेदी गाउँपालिका वडा नं. ४ र ५ मा दुधालु जर्सी/होलष्टेन क्रस २५ वटा गाई भीमफेदी गाउँपालिकाको ५०% अनुदानमा वा रु.४०,००० (अक्षरेपी चालिस हजार रुपैंया मात्र) रकमबाट नबढ्ने गरी २५ जना लाभग्राही लाभान्वित भए जसबाट अनुमानित २५० लिटर थप दुग्धको उत्पादन बढ्ने अपेक्षा लिइएको छ।

१५.भैंसी प्रवर्द्धन कार्यक्रम-भीमफेदी गाउँपालिका वडा नं. २ मा श्री भैंसे एकीकृत सहकारी मार्फत दुधालु मुर्रा क्रस ८ वटा भैंसी भीमफेदी गाउँपालिकाको ५०% अनुदानमा वा रु.५०,००० (अक्षरेपी पचास हजार रुपैंया मात्र) रकमबाट नबढ्ने गरी ८ जना लाभग्राही लाभान्वित भए र २ वटा गोठ निर्माणबाट २ जना लाभान्वित हुनुको साथै अनुमानित थप ६० लिटर दुग्धको उत्पादन बढ्ने अनुमान छ।

१६.गाई प्रवर्द्धन कार्यक्रम- भीमफेदी गाउँपालिका वडा नं. २ मा श्री कालिका दुग्ध उत्पादक सहकारी मार्फत दुधालु जर्सी/होलष्टेन क्रस १८ वटा गाई भीमफेदी गाउँपालिकाको ५०% अनुदानमा वा ४०,००० (अक्षरेपी चालिस हजार रुपैंया मात्र) रकमबाट नबढ्ने गरी १८ जना लाभग्राही लाभान्वित भएका र १ वटा गोठ निर्माणबाट १ जना कृषक लाभान्वित हुनुका साथै अनुमानित १८० लिटर दुग्धको उत्पादन बढ्ने अपेक्षा लिईएको छ।

१७.बाख्रा प्रवर्द्धन कार्यक्रम- भीमफेदी गाउँपालिका वडा नं. ३ मा श्री वीपि कृषि फार्म मार्फत ५ लाख कुल लागतमा आधुनिक बाख्रा खोर निर्माण र १ वटा ब्याड बोका र २९ वटा बिउ माउ बाख्रा बितरण कार्यक्रम भीमफेदी गाउँपालिकाको ५०% अनुदानमा सञ्चालन भएको र मासुजन्य पदार्थको उत्पादनमा वृद्धि हुने अपेक्षा लिईएको छ।

१८.अगुवा कृषक भ्रमण-कृषि विकास तथा पशु सेवा शाखाको आयोजनामा कृषि तथा पशुपालन पेशामा आबद्व १६ जना कृषकहरु सहित जनप्रतिनिधि र कर्मचारीले पूर्वी नेपालको व्यवसायी कृषि फर्म तथा



हिदम लामा
अध्यक्ष

विभिन्न अनुसन्धान कार्यालयहरु भ्रमण गरियो, यस भ्रमणबाट कृषकहरु व्यवसायीकता तर्फ उन्मुख हुने विश्वास लिईएको छ।

१९. पशुपंक्षी खोप कार्यक्रम-भीमफेदी गाउँपालिका क्षेत्र भित्र निशुल्कमा पी.पी.आर.रोग विरुद्ध करिब ३०००० बाखामा, खोरेत विरुद्ध करिब १५०० गाईभैंसीमा, रेबिज रोग विरुद्ध ३०० कुकुरमा खोप लगाईएको। खोप कार्यक्रमबाट विभिन्न रोगहरु रोकथाम र नियन्त्रण भएको र जसबाट ४१२९ कृषक प्रतक्ष्य रुपमा लाभान्वित भएका छन्।

२०. निशुल्क वितरणका लागि परजिवि विरुद्ध औषधी खरिद गरी भीमफेदी गाउँपालिका क्षेत्रभित्र निशुल्कमा परजिवि विरुद्ध औषधी वितरणबाट करिब ११०० घरधुरी लाभान्वित भए, जसबाट वस्तुभाउको स्वास्थ्यमा सुधार तथा उत्पादनमा प्रभावकारी वृद्धि भएको।

२१. निशुल्क कृत्रिम गर्भाधान कार्य निरन्तरता (AI कर्तालाई पारिश्रमिक)-यस कार्यक्रम अन्तर्गत चालु आ.ब.०८१/०८२ मा ७०० वटा गाईभैंसीमा निशुल्क कृत्रिम गर्भाधान गरी पशुको प्रजनन् र त्यसको विकासमा टेवा पुराईएको छ।

२२. कृत्रिम गर्भाधान कार्यक्रमका लागि आवश्यक सामाग्री खरिद-यस कार्यक्रम अन्तर्गत गाईभैंसीमा कृत्रिम गर्भाधान गर्नको लागि आवश्यक सामाग्री खरिद गरिएको छ।

२३. भीमफेदी गाउँपालिकाका स्थानीयहरुलाई उद्यमशीलता विकास मार्फत स्वरोजगार बनाउने उद्देश्य अनुरुप उद्यम विकास शाखा मार्फत सञ्चालित स्तरोन्नति दुग्धजन्य परिकार तयारी, स्तरोन्नति हाते होजियारी, होमस्टे, गार्मेन्ट, सिलाई कटाई, व्यवसायिक अचार तयारी सम्बन्धी तालिम लगायतका सीप विकास तालिम कार्यक्रमबाट चालु आर्थिक बर्षमा मात्रै ६५ जना व्यक्ति स्वरोजगार भएका छन्। यसैगरी अघिल्लो आर्थिक बर्षमा तालिम प्राप्त गरेका उद्यमीहरुलाई उद्यम व्यवसायमा दिगोपना कायम गर्न पुनर्ताजगी तालिम प्रदान गरिएको छ।

२४. चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्म १२ वटा नयाँ व्यवसाय दर्ता भएका छन्। प्रादेशिक व्यापार तथा व्यवसाय ऐन, २०७६ बमोजिम यस गाउँपालिकामा दर्ता हुने फर्मको संख्या ९० पुगेको छ।

२५. आ.व २०८०/०८१ मा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई आयोजना सञ्चालन गरी रोजगारी उपलब्ध गराईएको छ।

२६. आ.व. २०८२/०८३ को लागि बेरोजगार व्यक्ति सुचिकरणका लागि आवेदन संकलन तथा दर्ता सम्बन्धी कार्यहरु भै सकेको छ।

२७. अनौपचारिक क्षेत्रका ९९ जना श्रमिकहरुलाई थप गरी जम्मा १९७ जना श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराई मासिक रुपमा कोषमा रकम जम्मा गर्दै आईरहेको छ।

२८. सामाजिक सुरक्षा कोषमा आवद्ध अनौपचारिक क्षेत्रका श्रमिकहरुको KYC अध्यावधिक गर्न सहजिकरण गरिने छ।

२९. वैदेशिक रोजगारीमा गई बिरामी भएका कामदारलाई आर्थिक सहायताका लागि सहजिकरण गरिने छ।

हिदम लामा
अध्यक्ष

३०. वैदेशिक रोजगारीमा गई मृत्यु भएका कामदारको छोरा छोरीका लागि छात्रवृत्ती सहायता उपलब्ध गराउन सहजिकरण गरिने छ।

३१. <u>अनौपचारिक क्षेत्रका श्रमिकहरुको सामाजिक सुरक्षा कोष</u>

- सामाजिक सुरक्षा कोषमा जम्मा १९७ जना श्रमिक आवद्ध भएका छन्।
- सामाजिक सुरक्षा कोषमा रकम जम्मा गर्ने श्रमिकहरुको संख्या १६७ जना पुगेको छ।
- सामाजिक सुरक्षा कोषमा आवद्ध भएर रकम जम्मा नगर्नेको संख्या ३० जना रहेको छ।
- नियमित रकम जम्मा गर्ने श्रमिकहरुको संख्या १५२ जना रहेको छ।
- नियमित रकम जम्मा नगर्ने श्रमिकहरुको संख्या १५ जना रहेको छ।
- अनौपचारिक क्षेत्रका श्रमिकहरुको तर्फबाट सामाजिक सुरक्षा कोषमा जम्मा भएका रकम रु.१८,४९,५३७.६०।-
- गाउँपालिकाको तर्फबाट सामाजिक सुरक्षा कोषमा जम्मा भएको रकम रु.१५,८२,६६४.४०।- पुगेको छ।
- सामाजिक सुरक्षा कोषमा जम्मा भएको जम्मा रकम रु.३४,३२,२०२।-पुगेको छ।

अनौपचारिक क्षेत्रका श्रमिकहरुले पाएका सेवा सुविधाहरु तपसिल बमोजिम रहेको छ।

- स्वास्थ्य उपचार तर्फ : १२ जना (अपरेशन २ जना र बच्चा २ जना)
- सुत्केरी भत्ता तर्फ : २ जना
- सेवा सुविधा लिने श्रमिकहरुको जम्मा संख्या १४ जना

**(ख) सामाजिक विकास तर्फः-**

३२. गाउँपालिकाभित्रका विद्यालयहरुमा संघीय सरकारबाट प्रदान गरिएको कक्षा ५ सम्मको दिवा खाजा कार्यक्रमलाई गाउँपालिकाबाट थप बजेट विनियोजन् गरी कक्षा ८ सम्मका लागि विस्तार गरिएको छ।

३३. गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयका बालविकास सहजकर्ता र कर्मचारीलाई संघीय सरकारमार्फत प्राप्त हुने तलब सुविधामा थप गरी मासिक रु.१५ हजार पुर्याइएको छ।

३४. गाउँपालिका अन्तर्गतका ४६ वटा विद्यालयका प्रधानाध्यापक, लेखापाल र ICT शिक्षकहरुलाई सूचना प्रविधिसँग सम्बन्धित क्षमता विकास गराईएको छ।

३५. यस गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सामूदायिक विद्यालयमा अध्ययनरत कक्षा १ देखि ८ सम्मका सम्पूर्ण छात्रा र दलित विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिएको छ।

३६. भीमफेदी गाउँपालिका वडा नं.८ स्थित श्री प्रा.वि, स्वाँराको ८ कोठे पक्की भवन निर्माण कार्य सम्पन्न भएको छ।

३७.भीमफेदी गाउँपालिका वडा नं. २ र ९ को विपन्न चेपाङ्ग र तामाङ्ग समुदायका बालबालिकाहरुलाई सुरक्षित र व्यवस्थित शिक्षण सिकाई गर्ने उद्देश्यले पोखरी प्रा.वि.को विद्यालय भवन निर्माणको कार्य सुरुवात गरिएको छ र चालु आ.ब.०८२/०८३ भित्र सम्पन्न गरीनेछ।

३८.गाउँपालिकाभित्रका विद्यालयहरुमा ICT पुस्तकालय र विज्ञान प्रयोगशाला सञ्चालन कार्यक्रमलाई चालु आर्थिक बर्षमा पनि निरन्तरता दिइएको छ।

३९.स्वास्थ्य चौकी (आधारभुत स्वास्थ्य सेवा केन्द्र) को न्युनतम सेवा मापदण्ड कार्यक्रम (अभिमुखीकरण, समिक्षा, फलो अप , अनुगमन तथा सुदृधिकरण समेत ) प्रास्वाके बाहेकका सबै स्वास्थ्य संस्थाहरुमा सम्पन्न भएको।

४०.आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद औषधि खरिद अन्तिम चरणमा पुगेको।

४१.सुनौला हजार दिनका आमाहरुलाई पोषण सम्बन्धि कार्यक्रम ६ महिनाको अन्तरालमा दुइपटक संचालन भैसकेको।

४२.विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत विद्यालयमा पोषण सम्बन्धि कक्षा संचालन तथा छात्र छात्राहरुलाई जुकाको औषधि वितरण कार्यक्रम अर्धवार्षिक रुपमा सम्पन्न भएको।

४३.मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यासर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधि उपचार खर्च बापत मासिक रु ५ हजार दरले उपलब्ध गराइने रकम गरीबीको परिचयपत्र बाहक दुईजना क्यान्सर रोगीहरुलाई (वडा ८ र ६ को) मासिक ५०००।-को दरले त्रैमासिक रुपमा वितरण गरिदै आएको।

४४.जुनोटिक रोगहरु, AMR सम्बन्धि पैरवी तथा अभिमुखिकरण, Rabies Day
एन्टिमाइक्रोविएल रेसिस्टेन्स सम्बन्धि स्वास्थ्यकर्मीहरुलाई अभिमुखिकरण गरिएको।

४५.एचपिभी खोप अभियानको संचालन गरी ६४८ जना लक्षित वर्गलाई खोप लगाईएको।

४६.नसर्ने रोगहरुको तिव्र वृद्धि दरलाई मध्यनजर गर्दै भीमफेदी गाउँपालिकाको समुदायहरुमा ३५० भन्दा बढी मानिसहरुलाई सचेतना कार्यक्रम संचालन गरिएको।

४७.भीमफेदी प्रा.स्वा.के. र भैंसे स्वास्थ्य चौकीबाट नियमित प्रयोगशाला सेवा संचालनको लागि आवश्यक मागबमोजिमको केमिकल तथा सामाग्रीहरु खरिद गरि वितरण गरिएको।

४८.समुदायलाई क्षयरोग सम्बन्धि कार्यक्रम भीमफेदी गाउँपालिकाको सभाहलमा सम्पन्न गरिएको।

४९.प्राथमिक स्वास्थ्य केन्द्र भीमफेदीमा एक्सरेबाट शंकास्पद विरामीहरुको परीक्षण गरी ४ जना रोगी पत्ता लागेको।

५०.प्रसुति भएका ४२ जना महिलाहरुलाई रु.२००० को दरले डेलिभरी अनुदान कार्यक्रम संचालन गरीएको।

५१.साँस्कृतिक तथा ऐतिहासिक महत्त्वका भीमसेन जात्रा, कृष्ण जात्रा, त्रिखण्डी जात्रा, ल्होसार लगायतका धार्मिक र मौलिक साँस्कृतिक पर्व, मेलाहरुको सम्बर्द्धन र प्रबर्द्धनसँग सम्बन्धित कार्यक्रमहरुका लागि आवश्यक बजेट ब्यवस्थान समन्वय र सहयोग गरिएको छ।



हिदम लामा
अध्यक्ष

५२.वडा नं. १ देखि ९ सम्मका ४१० जना ज्येष्ठ नागरिकहरुलाई घुम्ति शिविर मार्फत ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यक्रम सम्पन्न गरिएको।

५३. लैङ्गिक समानता/लैङ्गिक हिंसा, घरेलु हिंसा विरुद्धमा सचेतनामुलक कार्यक्रम वडा नं. १ देखि ९ सम्म संचालन गरीएको छ।

५४. घरेलु हिंसा प्रभावित महिलाहरुको लागि अल्पकालिन आश्रयस्थल सहितको सेवा केन्द्र (सेफ हाउस) संचालन तथा व्यवस्थापन कार्यक्रम गरिएको जसमा १३ जना प्रभावितहरुलाई यस आ.व. मा सेवा प्रदान गरिएको छ।

५५. दलित महिला जनप्रतिनिधिहरुलाई ५ दिने क्षमता अभिवृद्धि तालिम संचालन गरिएको छ।

५६. "क" र "ख" वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र लिन आँउदा र जाँदाको यातायात तथा खाना खर्च बापत १२ जना व्यक्तिहरुलाई रु. ८००० प्रदान गरिएको छ।

५७. शारिरिक अपाङ्गता भएका व्यक्तिहरुको लागि अपाङ्गता परिक्षण, सहायक सामाग्रि वितरण, अपाङ्गता भएका बालबालिकाको उपचार सेवा तथा पुनर्स्थापन कार्यक्रम संचालन भएको छ।

५८. १ देखि ९ नं. वडा सम्म ज्येष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिएको। जसबाट ८८५ लाभग्राही लाभान्वित भएका छन्।

५९. बाबु आमा विहिन बालबालिका २ जना लाई मासिक रु. २०००/- का दरले भत्ता रकम उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईएको छ।

६०.कानूनी सचेतना तथा न्यायिक सम्बन्धी अन्तरक्रिया कार्यक्रम गाउँपालिकाको १८ वटा टोलमा संचालन गरियो र जसबाट १०६७ जना स्थानीयले लाभ प्राप्त गरेका छन्।

६१.न्यायिक सम्बन्धी असल अभ्यास तथा अनुभव आदानप्रदान कार्यक्रम संचालन गरीएको छ।

६२.उच्च अदालत पाटन हेटौंडा इजलासको आयोजनामा समुदायमा अदालत कार्यक्रम संचालन गरिएको छ।

६३.मेलमिलाप केन्द्र चौमासिक बैठक तथा समीक्षा कार्यक्रम संचालनलाई निरन्तरता दिइएको छ।

(ग) पूर्वाधार विकास तर्फः-

६४.१५ शैय्याको पृथ्वीचन्द्र अस्पताल भवन निर्माणाधीन अवस्थामा रहेको छ। आगामी आर्थिक वर्षबाटै नव निर्मित अस्पताल भवनबाट सेवा प्रवाह सुचारु हुने अपेक्षा गरिएको छ।

६५.भीमफेदी गाउँपालिकाको केन्द्र जोडने रणनैतिक सडक कोगटे धार्के महाभिर फाप्लाङ सडकको ट्र्याक खोल्ने काम चालु आ.ब. भित्र सम्पन्न गर्ने लक्ष्य लिइएको छ।

६६.भीमफेदी गाउँपालिका वडा नं. ७ मा निर्माणाधिन स्वास्थ्य केन्द्र भवन सम्पन्न भएको छ र जसबाट कोगटे क्षेत्रमा ब्यवस्थित स्वास्थ्य सेवा प्रदान गर्न सहज हुनेछ।

६७.भीमफेदी गाउँपालिका वडा नं. ९ बाघमारा बर्देउ सिंकिखाडल सोलाभञ्याङ सडकको ट्र्याक खोल्ने काम सम्पन्न भएको छ।



हिदम लामा
अध्यक्ष

६८.भीमफेदी गाउँपालिका वडा नं.४, २ र ९ जोडने रानीखोला-धामीडाँडा*रानी भन्ज्याङ्ग रणनैतिक सडक तिव्र गतिमा स्तरोन्नति भइरहेको छ।

६९.बागमती प्रदेशकै उत्कृष्ट पर्यटकीय गन्तब्यको रुपमा विकास भईरहेको लटारभ्मेश्वर महादेब मन्दीर क्षेत्रलाई थप पर्यटकीय आकर्षण तथा प्रवर्धन गर्न यस गाउँपालिका वडा नं.८ इपाको हावा भन्ज्याङ्ग देखि लटारम्भेश्वरसम्म पद मार्ग निर्माण कार्य थालनी भएको छ।

७०.भीमफेदी गाउँपालिका वडा नं.१ सानुटार मच्छेबास किसेडि घैराङ्ग सडक स्तरोन्नति कार्यलाई निरन्तरता दिईएको छ।

७१.वडा नं. ५ दम्की सुपिङ-ज्यामिरे-अगौटे-पान्द्राङ सडक स्तरोन्नति कार्यलाई निरन्तरता दिईएको छ।

७२.पालिका भित्रका बस्ती स्तर जोडने सडकहरु स्तरोन्नति कार्य भइरहेको छ।

**(घ) वातावरण तथा विपद व्यवस्थापन तर्फः-**

७३.प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट श्रृजित हुने विपद प्रभावित हुने व्यक्ति/परिवार/संस्थालाई राहत उपलब्ध गराउने सम्बन्धमा आवश्यक मापदण्ड तयार गरी लागू गरिएको छ। विपद व्यवस्थापनसँग सम्बन्धित अन्य कानूनी व्यवस्था तथा औजार उपकरणहरुको व्यवस्थापन गरिएको छ।

७४.यसै गरी गाउँपालिका क्षेत्र भित्रका संभावित विपदबाट जोखिम उत्पन्न हुनसक्ने स्थानहरुमा तटबन्ध लगाउने, भू-क्षय हुनसक्ने स्थानहरुमा वृक्षारोपण लगायतका कार्यहरु गरिएका छन्।

**(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फः-**

७५.गाउँपालिकामा रिक्त रहेका विभिन्न सेवा, समुह र उपसमुहका दरबन्दी क्रमशः पदपूर्ति गर्दै लगिएको छ। गाउँपालिकाका पदाधिकारीहरु तथा कार्यरत कर्मचारीहरुको ज्ञान, सीप, क्षमता र दक्षता अभिवृद्धिका लागि विभिन्न किसिमका तालिम, अभिमुखीकरण कार्यक्रममा सहभागी हुने अवसर प्रदान गरिएको छ। साथै स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम स्थानीय तहको विभिन्न सेवा, समुह, उपसमूहमा कार्यरत ३ जना कर्मचारीहरुको तहवृद्धि गरिएको छ।

७६.गाउँपालिकाबाट हुने भुक्तानी प्रणालीलाई छिटो, सरल, विश्वसनीय र प्रविधि मैत्री बनाउन कर बाहेकका प्रत्येक आर्थिक कारोबार इलेक्ट्रोनिक फण्ड ट्रान्सफर (EFT) मार्फत गरी ई-गभर्नेन्सको अवधारणालाई आत्मसात गरिएको छ।

७७.सार्वजनिक खरीद प्रकृयालाई वस्तुनिष्ठ, पारदर्शी, प्रतिस्पर्धी बनाउन EPG मार्फत खरिद गर्ने कार्यलाई अवलम्बन गरिएको छ।

७८.सार्वजनिक खरिद प्रकृया मार्फत वडा नं.५ को प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भएको छ भने वडा नं. ४ को प्रशासकीय भवन निर्माण कार्य सुरु भएको छ।

७९.गाउँपालिकाले चालु आर्थिक बर्षमा रु.४ करोड ५६ लाख ४५ हजार आन्तरिक आय सङ्कलन गर्ने प्रक्षेपण गरेकोमा जसमध्ये ढुङ्गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थको विक्री मार्फत रु.३ करोड ५०



हिदम लामा
अध्यक्ष

लाख आय संकलन गर्ने लक्ष्य राखेकोमा IEE प्रतिवेदन तयारी तथा स्वीकृतिमा केहि नीतिगत समस्या तथा विलम्ब हुँदा लक्ष्य अनुरुपको राजस्व संकलन हुन सकेको छैन। नदीजन्य पदार्थको विक्री मार्फत संकलन हुने राजस्व बाहेक अन्य क्षेत्रको राजस्व संकलन भने प्रक्षेपित आयको करिब ७० प्रतिशत हुने देखिन्छ।

८०. यसैगरी चालु आ.व.को लागि स्वीकृत बार्षिक बजेट रु.८५ करोड ४५ लाख ८७ हजार ९ सय अन्ठानब्बे रुपैया २० पैसाको हालसम्म चालु खर्चतर्फ ५४.५४ प्रतिशत र पुँजीगत खर्च तर्फ ३१.०७ प्रतिशत गरी समग्रमा ४३.०२ प्रतिशत वित्तीय प्रगति भएको छ।

८१. सबै वडा कार्यालयहरुमा व्यक्तिगत घटना दर्ताहरुको अभिलेखलाई सुरक्षित र व्यवस्थित गर्नका लागि VPN (Virtual Private Network) प्रणाली लागू गरिएको छ। साथै तेश्रो त्रैमासिक देखि सामाजिक सुरक्षा भत्ता वितरणको लागि EFT ( Electronic Fund Transfer) प्रणाली लागू गरिएको छ।

**सभाका सदस्यज्यूहरु,**

८२. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन,२०७४, संघीय सरकारका विभिन्न बिषयगत ऐन, कानून, नियमहरु, संघीय सरकारको पन्ध्रौं आवधिक योजना, बागमती प्रदेशको प्रथम आवधिक योजना, यस भीमफेदी गाउँपालिकाको प्रथम पञ्चबर्षिय आवधिक योजना, संघीय तथा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, नेपाल सरकारले गरेका अन्तराष्ट्रिय सन्धि, सम्झौताहरु, संयुक्त राष्ट्रसंघको दीगो विकास लक्ष्य, संघीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, गाउँपालिकाको गत आ.व.को बार्षिक नीति, बजेट तथा कार्यक्रम, गाउँ कार्यपालिका बैठकका विभिन्न निर्णयहरु, गाउँपालिकाले निर्माण गरेका विभिन्न कानूनी व्यवस्थाहरु, निर्वाचन पूर्व जनता सामु घोषणा गरेका प्रतिबद्धताहरु, गाउँपालिकाबासीको आवश्यकता, माग तथा यस गाउँपालिकाको वास्तविक आर्थिक, भौगोलिक र सामाजिक अवस्था, विश्वव्यापी आर्थिक मन्दी, कोभिड-१९, डेन्गु सङ्क्रमण र मनसुनजन्य जलउत्पन्न प्रकोपबाट श्रृजित चुनौती तथा गाउँपालिकाको विशेष प्राथमिकतामा परेका विषयहरुलाई आधार मानी यस भीमफेदी गाउँपालिकाको आ.व.२०८१/८२ को वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा गरिएको ब्यहोरा जानकारी गराउन चाहन्छु।

सभाध्यक्षज्यू,

अब म यस भीमफेदी गाउँपालिकाको आ.व.२०८२/८३ को क्षेत्रगत नीति तथा आधारहरु प्रस्तुत गर्न चाहन्छु।

**(क) आर्थिक विकास तर्फः-**

**<u>कृषि तथा पशु</u>**

हिदम लामा
अध्यक्ष

१. भीमफेदी गाउँपालिका भित्र उत्पादन हुने कृषि उपजहरु (रायोको साग, मुला, बन्दा, काउली, खुर्सानी, गोलभेडा, लगायत) को उचित बजार मूल्य नपाउँदा उत्पादित कृषि उपजहरु नष्ट गर्नुपर्ने कुहिर खेर जाने कृषकहरुले लगानी समेत उठाउन धौ धौ पर्ने कृषि पेशाबाट निरास भइ पलाएन हुनुपर्ने अवस्थाको अन्त्य गर्न बागमती प्रदेश सरकारसंगको सहकार्यमा कृषि उपज प्रशोधन केन्द्र स्थापना गरिनेछ। उक्त प्रशोधन केन्द्रबाट उत्पादित वस्तुहरुलाई बजारीकरण गर्न आवश्यक पहल गरिनेछ र उक्त कृषि उपज प्रशोधन केन्द्रलाई स्थानीय सहकारी मार्फत दिगोपना दिइनेछ र यसबाट उत्पादन,रोजगारी र समुदायको आर्थिक जीवन सुधार गर्ने लक्ष्य लिइएको छ।

२. गाउँपालिका अन्तर्गतका कृषि उपज संकलन र उत्पादित बालीहरुको विविधिकरण तथा प्रशोधनमा विशेष प्राथिमिकतामा राखि कार्यक्रम सञ्चालन गरिनेछ।

३. प्राङ्गारिक खेति पद्धतीलाई जोड दिदै प्राङ्गारिक खेति प्रवर्द्धन क्षेत्र स्थापना गरिनेछ।

४. कृषि सेवा केन्द्रमा माटो परीक्षण प्रयोगशाला स्थापना गरी निःशुल्क माटो परीक्षण सेवा प्रदान गरिनेछ। परीक्षणको आधारमा प्राङ्गारिक मल, कृषि चुन तथा सुक्ष्म तत्वहरु गाउँपालिकाको अनुदानमा वितरण गरिनेछ।

५. सम्भाव्यताका आधारमा तुलनात्मक लाभ भएका वस्तुहरुको पहिचान गरी तरकारी तथा फलफुल पकेट क्षेत्र, सामुहिक खेति, करार खेति तथा चक्लाबन्दी खेति लाई प्रोत्साहन गरिनेछ।

६. कृषि उत्पादनको बजार सुनिश्चितताको लागि सरोकारवाला निकायहरुसँग प्रत्यक्ष समन्वय गरिनेछ। साथै गाउँपालिकाका कृषकहरुद्वारा उत्पादित मूख्य बालीहरुको न्यूनतम समर्थन मूल्य तोकिनेछ।

७. कृषि उत्पादन वृद्धिका लागि उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम अन्तर्गत उत्पादित तरकारी तथा खाद्यान्न बालीहरुमा मूल्य अनुदान प्रदान गरिनेछ।

८. कृषि प्रसार तथा प्राविधिक सेवा प्रवाह गर्न कृषक तालिम, मेला प्रदर्शनी, कृषक दिवस, प्रतियोगिता, IPM कृषक पाठशाला, उत्कृष्ट कृषक सम्मान, बाली उपचार शिविर लगायतका कार्यक्रमहरु संचालन गरिनेछ।

९. विपन्न कृषकको क्षमता अभिवृद्धि गरी एक वडा एक उत्पादन कार्यक्रम सुरुवात गर्ने नीति अवलम्वन गरिनेछ।

१०. स्थानीय उत्पादनहरु तथा रैथाने वालिको प्रवर्द्धनको निम्ति स्थानीय बजारबाट बिक्रि गर्ने गरि उत्पादन लाई बजारसंग जोड्ने व्यवस्था मिलाईनेछ।

११. कृषकहरुको कृषि तथा पशुपन्छी तथ्याङ्क प्रविष्ट तथा अध्यावधिक गरि वास्तविक तथ्याङ्क विवरण प्रकाशित गरि कृषकको वर्गिकरण गरिनेछ।

१२. विभिन्न युवा लक्षित कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ।

१३. संघीय तथा प्रदेश सरकारसँगको समन्वय र साझेदारीमा सिँचाई सुविधा नपुगेका कृषियोग्य भूमिमा ठूला तथा साना सिँचाई आयोजनाहरु सञ्चालन गरिनेछ। मर्मत र स्तरीकरण गर्नुपर्ने सिँचाई आयोजनाहरुलाई प्राथमिकता दिइनेछ।

हिदम लामा
अध्यक्ष

१४. मासु तथा दुग्धको उत्पादन वृद्धिको लागि कृषकको लागत साझेदारीमा पशुहरु अनुदान स्वरुप वितरण गरिने छ।

१५. वडामा पशु सेवा केन्द्रबाट निशुल्क आन्तरिक तथा वाह्य परजीवि विरुद्ध आवश्यकता अनुसार औषधी वितरण गरिनेछ।

१६. निःशुल्क रुपमा कृत्रिम गर्भाधान गरी पशुको प्रजनन तथा उत्पादनको निम्ति प्रत्यक्ष टेवा पुर्याइने छ।

१७. नश्ल सुधारको लागि ब्याड बोका तथा राँगो वितरण गरिने छ।

१८. पशुपालन सम्बन्धि कृषक वर्गमा पशुपालन तथा पशुमा देखापर्ने रोग सम्बन्धी जानकारी मुलक तालिम दिईनेछ।

१९. विभिन्न पशुपन्छी सम्बन्धि रोग तथा महामारी रोकथाम तथा नियन्त्रणका लागि खोप तालिका बनाई निःशुल्क खोप सञ्चालन गरीनेछ।

२०. उन्नति, विकास र नाफामुलक पशुपालन गर्नका लागि कृषकको खोर,गोठ सुधार कार्यक्रम अघि बढाईनेछ।

२१. सन्तुलित आहारा व्यवस्थापनको निम्ति घाँस तथा बिउ वितरण गरिनेछ।

<u>पर्यटनः-</u>

२२. भीमफेदी-८ स्थित प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थलको रुपमा रहेको लटारम्भेश्वर महादेव मन्दिर क्षेत्रको थप भौतिक तथा पर्यटन पूर्वाधार विकास गर्दै लगिनेछ साथै चालु आ.ब.०८१/०८२ मा सुरु भएको हावा भन्ज्याङ्ग-लटारम्भेश्वर पदमार्ग निर्माण कार्यलाई निरन्तरता दिइनेछ। ऐतिहासिक तथा पुरातात्विक महत्वको चिसापानीगढीको संरक्षण तथा प्रवर्धन गरी पर्यटकीय आकर्षक केन्द्रको रुपमा विकास गरिनेछ।

२३. पर्यटन विकासको सम्भावना रहेका भीमफेदीमा रहेको ऐतिहासिक भीमसेन मन्दिर र हात्तीसार क्षेत्र, भीमफेदी-४ को गुसेश्वरी गुफा, भीमफेदी-१ मा रहेको प्रसिद्ध धार्मिकस्थल त्रिखण्डेश्वर महादेव मन्दिर र आसपासको क्षेत्र, भीमफेदी-५ स्थित रहेको हात्तीसुढे क्षेत्र, भीमफेदी-२ मा रहेको उर्ग्येन याङ्फेल लिङ बौद्ध गुम्बा क्षेत्रको भौतिक पूर्वाधार विकास गरी पर्यटन आगमनको केन्द्रको रुपमा विकास गरिदै लगिने छ साथै नयाँ पर्यटकीय स्थल र कार्यक्रमहरु पहिचान गरी आवश्यक पूर्वाधार निर्माणमा सहयोग र समन्वय गरिने छ।

२४. ऐतिहासिक भीमफेदी बजारलाई पुनर्जागृत गरी साँस्कृतिक शहरको रुपमा अगाडी बढाउन आवश्यक कार्यक्रम तथा योजनाहरु सञ्चालन गर्न पहल गरीनेछ।

२५. भीमफेदी गाउँपालिका र मकवानपुरगढी गाउँपालिकाको सिमानामा पर्ने बुड्दल झरना (जोडी झरना) को पूर्वाधार विकासका लागि सम्बन्धित निकाय तथा समुदायसँग आवश्यक समन्वय र सहकार्य गरी विभिन्न गतिविधिहरु सञ्चालन गरिनेछ।

हिदम लामा
अध्यक्ष

२६.यस गाउँपालिकाको भौगोलिक विशिष्टता र पर्यटकीय क्षेत्रहरुमा पर्यटन प्रवर्धन गर्न निजी क्षेत्रलाई केवलकार संचालन तथा अन्य पर्यटन पूर्वाधारका लागि आवश्यक सहजीकरण गरिनेछ।

२७.गाउँपालिकामा सञ्चालित होमस्टेहरुको प्रवर्द्धन, विकास तथा प्रचारप्रसार गरिनेछ।

२८.माहाभारत हाइकिङ ट्र्याकलाई निरन्तरता दिई पर्यटन प्रवर्द्धन गरिनेछ।

उद्योग तथा वाणिज्यः-

२९.स्थानीय साधन, श्रोत, सीप तथा पुँजीको उपयोग गरी गाउँमै रोजगारी सृजना गराउने खालका कार्यक्रमहरु तय गरी सञ्चालन गरिनेछ।

३०.भीमफेदी गाउँपालिका भित्र सञ्चालित व्यवसायिक प्रतिष्ठानहरुलाई व्यवसाय करको दायरामा ल्याउन अनिवार्य रुपमा गाउँपालिकामा व्यवसाय दर्ता हुनुपर्ने व्यवस्था गरिनेछ।साथै आगामी आर्थिक वर्षमा पनि गाउँपालिकाको व्यवसाय कर प्रयोजनका लागि दर्ता हुने व्यवसायको दर्ता शुल्क निःशुल्क गरिनेछ।

३१.रोजगारको दायरा बढाउन तथा उत्पादन मूलक क्षेत्रमा सहभागिता बढाउन तथा गाउँपालिका स्तरमा सञ्चालन हुने घरेलु तथा साना उद्योगको प्रवर्द्धन गरी उद्यमीहरुलाई व्यवसायीक बनाउन उद्यम विकाससँग सम्बन्धित सीपमुलक तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ।

३२. परम्परागत सीप र क्षमताको प्रबर्द्धन र विकास गरी तुलनात्मक लाभ प्रदान गर्ने खालका घरेलु उद्यमलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

३३. वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको सीप र ज्ञानलाई स्थानीय रोजगारी सिर्जना,उद्यमशीलता प्रबर्द्धन गरी उपयोग गर्ने नीति लिइनेछ साथै गाउँपालिकामा गरिबी निवारणमा सहयोग पुग्ने गरी गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ।

३४. मागमा आधारित तिन खम्बा नीति अवलम्बन गरी व्यवसायिक सीप विकास तालिम तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

३५. निजी क्षेत्रलाई प्रोत्साहन तथा आकर्षण गर्न लगानी मैत्री वातावरण श्रृजना गरी सार्वजनिक निजी साझेदारीमा काम गर्ने गरी आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गरिने छ।

सहकारीः-

३६. सहकारी संस्थाको संस्थागत क्षमता विकास, संस्थागत सुशासन कायम गर्न सम्बन्धित निकायहरुसँगको समन्वय र साझेदारीमा आवश्यक तालिम, कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३७. सहकारी व्यवस्थापन तथा नियमनसँग सम्बन्धित आवश्यक नियम,कार्यविधि तथा मापदण्डको निर्माण गरिनेछ।

३८. सहकारी संस्थाहरुको नियमित अनुगमन, नियमन तथा अभिलेख व्यवस्थापन गरी सक्रिय र निष्क्रिय सहकारी संस्थाहरुको वर्गीकरण गरी निष्क्रिय संस्थाहरुलाई खारेजीको प्रक्रियामा लगिनेछ।

हिदम लामा
अध्यक्ष

३९. सहकारी क्षेत्रलाई पालिकाबासीको आर्थिक समृद्धीकरणको मुख्य साझेदारको रुपमा स्थापित गरिनेछ। सहकारीसँग सम्बन्धित आवश्यक कानून निर्माण गरी कार्यान्वयन गरिनेछ।

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा**

४०. प्रधानमन्त्री रोजगार कार्यक्रमको व्यवस्थित कार्यान्वयन मार्फत स्थानीय तहमा रहेका बेरोजगार व्यक्तिहरुलाई सूचीकृत गरी रोजगार व्यवस्थापन सूचना प्रणाली मार्फत अद्यावधिक गरिनेछ।

४१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचीकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम एक सय दिनको रोजगारी प्रदान गर्न कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना अन्तर्गत विभिन्न सार्वजनिक निर्माण तथा मर्मत सम्भारका आयोजनाहरु सञ्चालन गरिनेछ।

४२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने रोजगार आयोजनाहरुको दिगोपना र गुणस्तर कायम गर्नका लागि आवश्यक पर्ने हाते औजार र निर्माण सामाग्री खरीदका लागि गाउँपालिकाद्धारा बजेट विनियोजन गरी लागत साझेदारीमा आयोजना सञ्चालन गरिनेछ।

४३. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको श्रम स्वीकृति तथा पुन: श्रम स्वीकृतिको अनलाइन आवेदन सम्बन्धी कार्य गाउँपालिकाको रोजगार सेवा केन्द्र मार्फत सहजिकरण गरिनेछ।

४४. वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाहरु (मृतक कामदारको नजिकको हकवालालाई आर्थिक सहायता प्रदान, अंगभंग भएकालाई आर्थिक सहायता, कामदारका परिवारलाई स्वास्थ्य उपचार सहयोग, उद्दार तथा खोजतलास सम्बन्धित कार्य र छात्रबृत्ति सहायता) स्थानीय तहबाटै प्राप्त गर्न रोजगार सेवा केन्द्र मार्फत सहजिकरण गरिनेछ।

४५. अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुको योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई निरन्तरता प्रदान गर्दै थप श्रमिकहरुलाई योजना कार्यक्रममा आवद्ध गरिनेछ।

४६. सामाजिक सुरक्षा कोषमा आवद्ध अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुको KYC अध्यावधिक गर्ने र अन्य कामहरुमा सहजिकरण गरिने छ।

४७. वैदेशिक रोजगारीका कारणले मनोसामाजिक तथा मानसिक समस्या भोगिरहेका व्यक्ति र उनीहरुका परिवार तथा समुदायलाई लक्षित गरि मनोसामाजिक परामर्श सेवा उपलब्ध गराईनेछ।

४८. रिटर्नी स्वयम सेवकले वैदेशिक रोजगारीमा जान चाहाने व्यक्ति तथा उनीहरुका परिवारलाई सुचना प्रवाहका साथै समस्या पहिचान गरी सम्बन्धित निकायहरुमा सिफारिस र सहजिकरण गर्नेछ।

४९. विभिन्न अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिने छ।

५०. बैदेशिक रोजगारमा जान चाहने ब्यक्तिहरुलाई बैदेशिक रोजगार विभागसंगको सहकार्यमा तालिम संचालन गर्ने मिति लिइनेछ।

**(ख) सामाजिक विकास तर्फः-**

हिदम लामा
अध्यक्ष

शिक्षा, युवा तथा खेलकुद विकास

५१.शिक्षाको माध्यमबाट सभ्य, खुशी, सुखी, स्वस्थ, शान्त, सु-संस्कृत, शिक्षित, समृद्ध र समतामूलक समाजको निर्माण गरिने छ।

५२.प्रारम्भिक बालकक्षा (१-३) लाई विशेष सुधार तथा सुदृढ गर्दै क्रमश सबै विद्यालयलाई प्रविधि मैत्री, श्रोत सामाग्रीयुक्त, शान्तिमैत्री, द्वन्द/कुलत रहित, समतामूलक, बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री, समावेशी तथा स्वच्छ वातावरणमैत्री बनाउँदै प्रारम्भिक बाल विकासदेखि माध्यमिक तह सम्मको विद्यालय शिक्षालाई गुणस्तरीय,प्रभावकारी, सर्वव्यापी, जीवनउपयोगी, प्रतिस्पर्धी, सीपयुक्त, वयवहारिक, प्रविधिमैत्री, रोजगारीमूलक र उत्पादनमुखी बनाई देश विकासको विभिन्न क्षेत्रमा आवश्यक पर्ने मानव संशाधन निर्माणको आधारशिलाको रुपमा व्यवस्थित तथा स्थापित गरिने नीति लिईएको छ।

५३.पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न र शिक्षकहरूको पेशागत प्राविधिक तथा नविनतम सक्षमताको विकास गर्न मागमा आधारित विभिन्न क्षमता विकासका तालिम र कार्यशालाहरूको व्यवस्था गरिनेछ।

५४.नेपाल सरकारको शैक्षिक नीति, ऐन, कानून र मापदण्ड अनुसार विद्यालय समायोजन, नामाकरण, तह वृद्धि तथा घटुवा, तथ्याङ्क शुद्धीकरण, शिक्षक दरबन्दी मिलान, सरुवा, काज सरुवा,करारमा शिक्षक छनौट/सिफारिस, नियुक्तिका कार्यहरु गरिनेछ।साथै,कम्तिमा प्रत्येक २/२ वर्षमा तथा आवश्यकता अनुसार शिक्षकलाई पालिका भित्रका विभिन्न विद्यालयहरुमा सरुवा तथा काज सरुवा गरिने, कार्य सम्पादन करार सम्झौता गरी प्रत्येक ३/३ वर्षमा प्र.अ.को भूमिकामा फेरबदल गर्ने (कायम गर्ने, सुधार गर्ने, हटाउने तथा परिवर्तन गर्ने) नीति लिईएको छ।

५५.यस गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा सञ्चालित विद्यालय दिवा खाजा कार्यक्रम नतिजामूलक, प्रभावकारी, पोषणयुक्त, स्वस्थवर्धक तथा गुणस्तरीय बनाउन पालिकास्तरीय दिवा खाजा व्यवस्थापन कार्यविधि र दिवाखाजा मेन्यु लागु गर्दै विद्यालयलाई पूर्णरुपमा पत्रु खाना (Junk Food) निषेधित क्षेत्रको रुपमा स्थापित गर्दै स्थानीय तथा रैथाने कृषि उपजको प्रयोग गरि घरेलु उत्पादनमा आधारित दिवा खाजा ढाँचा (Home Grown School Feeding Approach) अपनाउँदै नेपाल सरकारबाट कक्षा ५ सम्म विद्यालय दिवाखाजा दिदैं आएकोमा यस पालिकाले कक्षा ६-८ मा विद्यालय दिवाखाजा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५६.सबै विद्यालयहरूका शैक्षिक पहुँच र गुणस्तर अभिवृद्धि गर्न सबै विद्यालयमा सरसफाई, स्वच्छ खानेपानी, न्यूनतम शैक्षिक तथा भौतिक पूर्वाधार सुनिश्चित गर्दै निशुल्क सेनेटरी प्याड, आईरन चक्की वितरण, मनोपरामर्श सेवा, पोषण साक्षरता, छात्रवृति वितरण, अभिभावक शिक्षा र निशुल्क शैक्षिक, खेलकुद र संगीत सामग्री वितरण कार्यक्रम सञ्चालन गरिने छ र गाँउपालिका अन्तर्गतका प्रत्येक विद्यालयको महिनामा कम्तिमा एक पटक अवलोकन, निरीक्षण तथा सुपरीवेक्षण गरिने छ र सुपरीवेक्षणमा जाँदा दैनिक भ्रमण/फिल्ड/आतेजाते/भत्ता,स्रोत कक्षा पारीश्रमिक र सवारी साधनको उचित व्यवस्था मिलाईनेछ।

५७.गाउँपालिकाको आर्थीक सामाजिक पूर्वाधार विकासको क्षेत्रमा आवश्यकता अनुसार गैरसरकारी संघ संस्थाहरुको परीचालन तथा सहकार्य गरीनेछ।



हिदम लामा
अध्यक्ष

५८."प्राविधिक तथा उत्पादनमुखी शिक्षा, समृद्ध भोटेकोसीको इच्छा" नारालाई मूर्तरुप दिन प्राविधिक शिक्षालाई निरन्तरता दिइने र माटो सुहाउँदो उत्पादनमुखी शिक्षालाई उदघोष गर्ने स्थानीय पाठ्यक्रम, पाठ्यसामाग्री (कक्षा १ देखी ८ सम्म) र १० वर्षीय शैक्षिक योजना निर्माण गरी कार्यान्यनमा ल्याईनेछ। र यस पालिका भित्र तामाङ भाषाको बाहुल्यता भएको विद्यालयमा तामाङ भाषामै अध्ययन अध्यापनको व्यवस्था मिलाईनेछ।

५९.विद्यालयका कार्यालय सहयोगी र लेखापाललाई ७/७ हजारका दरले र बालविकास सहजकर्ताहरूलाई ५ हजारका दरले गा.पा.बाट थप पारिश्रमिकको व्यवस्था गरिने र कार्य सम्पादनमा आधारित उत्कृष्ट विद्यालय, प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरुलाई उचित सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ।

६०.विद्यालयमा अध्यययनरत विद्यार्थीहरू र समाजका युवाहरूलाई खेलकुदका माध्यमबाट अनुशासन, स्वस्थ शरीर र मस्तिष्क लगायत सर्वाङ्गीण पक्षको विकासको लागि अतिरिक्त क्रियाकलाप,खेलकुद र राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम सञ्चालन गरिने र स्थानीय स्तरीय, जिल्लास्तरीय र राष्ट्रस्तरीय खेलकुदमा सहभागिताको व्यवस्था गरिनेछ।

६१.स्थानीय कला, साहित्य र सँस्कृतिको उजागर, प्रवर्धन र संरक्षण गरिनेछ। साथै, अभिछिन्न शिक्षक र कर्मचारीहरूको क्षमता उपयोग गरीनेछ।

६२.प्रत्येक विद्यालयमा एक ल्यापटप/डेस्कटप एक प्रिन्टरको नीति लिंदै आइसिटी मर्मत तथा सम्भार गरिनेछ। गाउँपालिका क्षेत्रभित्र सञ्चालित सबै सामुदायिक विद्यालयहरूमा क्रमश राष्ट्रिय झण्डा र आचार संहिता बोर्ड र विद्युतीय हाजिरीको प्रबन्ध गरिनेछ।

६३.परीक्षालाई मर्यादित, स्तरीय, व्यवस्थित र गुणस्तरीय बनाउनका लागि कक्षा ५ देखी ९ सम्मको सम्पूर्ण परीक्षाको व्यवस्थापन गाउँपालिकामा गाउँपालिका स्तरीय परीक्षा समिति/बोर्ड गठन गरी सो समितिबाट व्यवस्थापन गरिनेछ।

६४.प्रत्येक शुक्रबारका दिन किताब रहित (Book free day) लागु गर्दै सो दिन अतिरिक्त क्रियाकलाप, खेलकुद, प्रतिभा पहिचान, सीप विकास (सिलाई कटाई, फेटा/स्यामा बुनाई, चित्रफुँगा बुनाइ, कृषि कार्य, मोबाईल/कम्प्यूटर मर्मत, नाटक प्रर्दशन, क्षमता प्रर्दशन, शैक्षिक सामग्री निर्माण आदि जस्ता) कार्यक्रम लागु गरिनेछ।

६५. सुशासन र सूचनाको हक प्रवर्धन गर्न शैक्षिक समिक्षा, बैठक, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन गरी शैक्षिक बुलेटिन तथा प्रतिवेदन प्रकाशन गरिनेछ र प्रत्येक शिक्षक र विद्यार्थीहरुलाई शिक्षक र विद्यार्थी डायरीको व्यवस्था गरिनेछ।

६६.निजी तथा संस्थागत विद्यालयलाई गाउँपालिकाको मातहतमा ल्याईनेछ, नियमन गरिने छ, शुल्क निर्धारण गरी एकरुपता कायम गरिनेछ र त्यस्ता विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई शिक्षा ऐन नियमबमोजिम कम्तिमा १० प्रतिशत विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरीनेछ।

६७.कक्षा ६ देखि १२ सम्मका २० बर्ष भन्दा कम उमेरको बिद्यार्थीहरुलाई बिज्ञान,प्रविधि,ईन्जिनियरिङ्ग, कला गणित लगायतका बिभिन्न विषयमा आफ्नो रचनामा थप अनुसन्धान प्रवर्धन गर्दै ती जनशक्तिलाई उद्यमशिलतासंग जोड्दै दक्ष जनशक्तिको रुपमा विकास गर्ने तथा यसका लागि Science, Technology, Engineering, Arts, Mathematics' (STEAM) क्याम्प संचालन गरीनेछ।



'हिदम लामा
अध्यक्ष

स्वास्थ्यः-

६८.१५ शैया आधारभूत अस्पताल निर्माण कार्य आगामी आ.ब.भित्र सम्पन्न गर्न आवश्यक बजेट व्यवस्था गरीनेछ।

६९.आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ र निःशुल्क बनाईनेछ।

७०.नियमित खोप कार्यक्रमलाई सुदृढिकरण गर्दै बालबालिकाको खोप प्राप्त गर्ने नैसर्गिक अधिकारलाई सुनिश्चित गरिनेछ।

७१.नेपाल सरकारबाट निःशुल्क वितरणको लागि सूचिकृत स्थानीय तहबाट खरिद गरिने औषधि तथा औषधिजन्य सामाग्रीहरुको उपलब्धता सुनिश्चित गरिने छ। साथै संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त गर्नुपर्ने औषधि तथा औषधिजन्य सामाग्रीहरु प्राप्त गर्नको लागि जनस्वास्थ्य कार्यालय मार्फत समन्वय र सहकार्य गरिनेछ।

७२.प्राणघातक दीर्घ रोगीहरुको जीवन सहजिकरणको लागि अत्यावश्यक औषधि तथा सामाग्री सहित घरदैलो स्वास्थ्य सेवा प्रदान गरिनेछ।

७३.विपन्न नागरिक उपचार सहायता आकस्मिक कोषको व्यवस्था सम्बन्धमा छलफल गरि कार्य गरिनेछ।

७४.समुदायमा देखिएको नसर्ने रोगहरुको प्रकोपलाई मध्यनजर गर्दै सो सम्बन्धि सामुदायिक सचेतना कार्यक्रम संचालन तथा व्यवस्थापनको लागि कार्यक्रम तय गरिनेछ।

७५.आमा सुरक्षा कार्यक्रम अन्तर्गत गर्भवती पोषणको लागि गर्भवती महिलाहरुलाई अण्डा वितरण, संस्थागत प्रसुतिका लागि फ्रि एम्बुलेन्स कार्यक्रम तथा संस्थागत सुत्केरीहरुलाई प्रोत्साहन स्वरुप अनुदान कार्यक्रम मार्फत आमा सुरक्षा कार्यक्रमलाई अझ सुदृढ गरिनेछ।

७६.फ्रि ब्लड ट्रान्सफ्युजन कार्यक्रम संचालन गरी आकस्मिक रुपमा रगत आवश्यक पर्ने विरामीहरुलाई निःशुल्क रुपमा मानव रगतको व्यवस्था गरिनेछ।

७७.स्वस्थ र सचेत नागरिक निर्माणको लागि आवश्यक स्वास्थ्य सचेतनामुलक कार्यक्रमहरु तथा स्वास्थ्य संदेश कार्यक्रमरु संचालन गरिनेछ।

७८.स्वास्थ्य बीमा कार्यक्रमलाई बढावा दिदै स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चितताको लागि कार्य गरिनेछ।

७९.आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको भवन निर्माणको लागि जग्गा एकिन गरी प्राप्ति गरिनेछ। (वडा नं. १ र ९)

८०.आफ्नो जग्गा नभएका स्वास्थ्य संस्थाहरुको स्वामित्वमा जग्गा प्राप्त गरी नेपाल सरकारको मापदण्ड अनुरुप भवन निर्माणको लागि प्रक्रिया अगाडि बढाइनेछ।

८१.बाह्य खोप केन्द्र/गाउँघर क्लिनिक भवन निर्माणको लागि जग्गा एकिन गरि प्राप्तिको प्रकृया अगाडि बढाइने छ।

हिदम लामा
अध्यक्ष

८२.ईक्चुङ आधारभूत स्वास्थ्य सेवा केन्द्रमा वर्थिङ सेन्टर संचालन गरीनेछ।साथै सानुटार सामुदायिक स्वास्थ्य इकाइमा वर्थिङ सेन्टर संचालनको लागि सम्भाव्यता अध्ययन गरिनेछ।

८३.भीमफेदी गाउँपालिका वडा नं. ८ र ९ मा सामुदायिक स्वास्थ्य ईकाइ स्थापना र संचालनको लागि कार्यापालिकाबाट निर्णय गरी प्रक्रिया अगाडि बढाइनेछ।

८४.विपन्न नागरिक उपचार सहायता आकस्मिक कोषको व्यवस्था गरिनेछ।

८५.न्यूनतम सेवा मापदण्ड कार्यक्रमको प्रक्रिया अनुसार सम्पूर्ण स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड कार्यक्रम ( अभिमुखीकरण, समिक्षा, फलो अप , अनुगमन तथा सुदृधिकरण समेत ) संचालन गरी तयार गरिएको कार्ययोजना अनुसार न्यूनतम सेवाको गुणस्तर सुधारको लागि आवश्यक न्यूनतम बजेटको व्यवस्था गरिने।

८६.फिल्ड कार्यकर्तालाई पेट्रोल मासिक रुपमा उपलब्ध गराइनेछ।

८७.भीमफेदी गाउँपालिकाको प्राथमिक स्वास्थ्य केन्द्रमा तिलगंगा आँखा प्रतिष्ठान हेटौंडा सामुदायीक आँखा अस्पतालसंगको सहकार्यमा आवश्यक जनशक्ति ब्यवस्था गरी आँखा परिक्षण कार्यक्रम संचालन गरीनेछ।जसबाट स्थानीय समुदायले समुदाय स्तरमै बिशेष सेवा प्राप्त गर्ने अपेक्षा गरीएको छ।

८८.महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आगामी आ.ब.०८२/०८३ मा सामाजिक सुरक्षा भत्ता कोषमा आवद्ध गरीनेछ।

## खानेपानी तथा सरसफाई:-

८९. सम्पूर्ण गाउँपालिकाबासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने कार्यलाई विशेष प्राथमिकता दिइनेछ। सो को लागि आवश्यकता र संभावनाका आधारमा ठूलो, मझौला र साना खानेपानी आयोजना सञ्चालन गरिनेछ।

९०. खानेपानीको समस्या रहेका विभिन्न क्षेत्रहरुमा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा खानेपानी आयोजना सम्पन्न गर्न आवश्यक व्यवस्था गरिनेछ।

९१. खानेपानीको मुहान संरक्षण तथा खानेपानीको आवश्यक मर्मत सम्भारको लागि आवश्यक बजेट विनियोजन गरिने छ ।निर्माणाधीन खानेपानी आयोजना निर्माणको कार्यलाई प्राथमिकता दिइनेछ।

## संस्कृति प्रबर्द्धन र सम्पदा संरक्षण:-

९२. परम्परागत सीप, सामाजिक मूल्य मान्यता, रीतिरिवाज, परम्परा/प्रथा संचालन चाडपर्वहरुलाई समयसापेक्ष परिमार्जन गर्दै संरक्षण गरिनेछ।गाउँपालिकामा रहेका बहुजाती, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक मूल्य मान्यतालाई संरक्षण र प्रवर्द्धन गरिनेछ।

९३. धार्मिक आस्था र मान्यता अनुरुपका मठमन्दिर, गुम्बा तथा चर्चहरुको निर्माण, मर्मत तथा संरक्षणमा यथोचित लगानी गरिनेछ।

९४. परम्परागत सीप, सामाजिक मूल्य मान्यता, रीतिरिवाज, परम्परा, चालचलन र प्रथा परम्परा, चाडपर्वहरुलाई समयसापेक्ष परिमार्जन गर्दै संरक्षण गरिनेछ।

९५. साँस्कृतिक तथा ऐतिहासिक महत्त्वको भीमसेनजात्रा, कृष्णजात्रा, त्रिखण्डीजात्रा, लटारम्भेश्वर महादेब,ल्होसार लगायतका धार्मिक र मौलिक साँस्कृतिक पर्व, मेलाहरुको संबर्द्धन र प्रबर्द्धनसँग सम्बन्धित कार्यक्रमहरुका लागि आवश्यक समन्वय र सहयोगलाई निरन्तरता दिइनेछ।

९६. कला, साहित्य मार्फत राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुर्याउनुहुने महानुभावहरुलाई यथोचित सम्मान गरिनेछ।

९७. भीमफेदी गाउँपालिका अन्तर्गत पर्ने भीमफेदी बजार, भैसें, निबुवाटार लगायतका क्षेत्रमा रहेका पुरातात्त्विक सम्पदा तथा धरोहरहरुको अध्ययन गरी सुचीकृत गरिने छ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः-

९८. विभेद, बञ्चितिकरण तथा बहिष्करणमा परेका वर्ग तथा समुदायको शासन, विकास र सेवा प्रवाहमा सार्थक सहभागिताको सुनिश्चितता प्रदान गरी अपनत्व प्रदान गरिनेछ।

९९. भीमफेदी गाउँपालिकालाई सहयोगापेक्षी सडक मानवमुक्त, पूर्ण खोपयुक्त, वातावरणमैत्री गाउँपालिका बनाउने नीति लिइनेछ ।ज्येष्ठ नागरिकको सुरक्षा र सम्मान कार्यक्रम सञ्चालन गरिने छ।

१००. अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र,बनेपासँगको समन्वयमा शारीरिक अपाङ्गता भएका व्यक्तिहरुका लागि अपाङ्गता परीक्षण, सहायक सामग्री नाप जाँच तथा वितरण गर्नुका साथै अपाङ्गता भएका बालबालिकाको उपचार सेवा तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०१. भीमफेदी गाउँपालिकालाई बालमैत्री स्थानिय शासन घोषणाको लागि तयार गरिएको कार्ययोजना बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१०२. द्वन्द्व प्रभावित, लैङ्गिक हिंसा, सामाजिक विभेद तथा विभिन्न कारणले बञ्चितिकरणमा परेका व्यक्तिहरुका लागि मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ ।

१०३. यस गाउँपालिकामा बसोबास गर्ने अति सिमान्तीकृत विपन्न चेपाङ समुदायको हित र उन्नतिका लागि विभिन्न आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ। स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ।

१०४. अव्यवस्थित बसोबासी, भूमिहीन दलित र सुकुम्बासीहरुलाई गाउँपालिकाद्वारा संकलित फारमहरुको बारेमा भूमि आयोगसँगको समन्वय र सहकार्यमा जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराउन पहल गरिनेछ।

## स्थानीय न्यायिक कार्यसम्पादनः-

१०५. गाउँपालिकामा न्यायिक समिति रहने संवैधानिक व्यवस्था बमोजिम न्यायिक इजलास मार्फत हुने न्यायिक सम्पादनको कार्यलाई थप प्रभावकारी बनाइनेछ।

१०६. सबै वडामा रहेको स्थानीय मेलमिलाप केन्द्रलाई सुदृढिकरण गरी मेलमिलाप प्रकृया अझ बलियो बनाइनेछ।



हिदम लामा
अध्यक्ष

१०७. मेलमिलाप सम्बन्धी आधारभूत तालिम दिई थप मेलमिलापकर्ता उपलब्ध गराइनेछ।

१०८. वडामा रहेका व्यक्तिहरुलाई कानून सम्बन्धी सुर्खी, शिविर कार्यक्रम संचालन गरिनेछ।

१०९. जनप्रतिनिधि तथा कर्मचारीहरुलाई यो वर्ष पनि कानून सम्बन्धी प्रभावकारीतामुलक सचेतना कार्यक्रम संचालन गरिनेछ।

११०. न्यायिक समितिबाट भएको कार्यहरुको सन्दर्भमा न्यायिक डकुमेन्ट्री भिडियो बनाई जानकारी तथा प्रचारप्रसार गरिनेछ।

१११. गाउँपालिकाभित्र हुने सानातिना देवानी प्रकृतिका विवाद समाधान गरी समुदायस्तरमा दिगो शान्ती स्थापना गर्न न्यायिक समितिका सदस्य तथा प्रत्येक वडामा रहेका मेलमिलाप केन्द्रका मेलमिलापकर्ताहरुलाई आवश्यक तालिम र क्षमता विकास कार्यक्रम गरी न्याय सम्पादन कार्यलाई छिटो र विश्वसनीय बनाइनेछ।

सभाध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु,

(ग) पूर्वाधार विकास तर्फः-

११२. गाउँपालिकाको केन्द्रदेखि वडा कार्यालय सम्म जोड्ने सडकलाई क्रमशः कालोपत्र वा स्ल्याब ढलान गरिने छ । त्यसैगरी वडाका मुख्य सडकहरुको पनि स्ल्याब ढलान गरिदै लगिने छ । सडकलाई आर्थिक विकासको कार्यसँग सामञ्जस्य गरिने छ। सडकमा परेका जग्गाहरुको लगत कट्टा गरी सडक नक्साङ्कन कार्यको सुरुवात गरिनेछ ।

११३. रणनैतिक महत्वका निर्माणाधिन सडकहरुको निर्माण कार्य सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिने छ।

११४. गाउँपालिका स्तरीय यातायात गुरुयोजना यथाशीघ्र सम्पन्न गरी व्यवस्थित, सुरक्षित र वातावरणमैत्री सडक निर्माणलाई अभियानको रुपमा सञ्चालन गरिने छ।

११५. सडक सञ्जाल नपुगेको बस्तीस्तरमा सडक सेवा विस्तार गरिने छ । हालसम्म निर्माण सम्पन्न भएका सडकहरुको क्रमशः स्तरोन्नती गर्दै दिगो र बार्है महिना सञ्चालन हुने किसिमको बनाइनेछ।

११६. भीमफेदी बजार क्षेत्रका मुख्य तथा भित्री सडकहरुलाई ढलको व्यवस्थापन सहित कालोपत्र वा स्ल्याब ढलान गरी सौन्दर्यीकरण गर्ने कार्यलाई निरन्तरता दिइने छ।

११७. आफ्नै स्वामीत्वको भवन नभएका वडा कार्यालयहरुका लागि क्रमशः जग्गा प्राप्त गरी भवन निर्माण गरिनेछ। १ नं.वडा कार्यालय भवन निर्माण आगामी आ.ब.भित्र सम्पन्न गरीनेछ भने ३ नं.वडा कार्यालय भवन निर्माण तथा व्यवस्थापन गरीनेछ। ४ नं. वडा कार्यालय भवन निर्माण सम्पन्न गरीनेछ।

११८. ग्रामीण विद्युतीकरण कार्यको स्तरोन्नती गरी भोल्टेज सुधार सहित सुरक्षित विद्युतीकरणको कार्य गरिनेछ।

हिदम लामा
अध्यक्ष

११९. गाउँपालिका भित्रका आवश्यक स्थानहरुमा काठका पुल विस्थापन गर्दै झोलुङ्गे पुल निर्माण गरिनेछ। साथै ठूला बस्ती तथा स्थानहरुमा पक्की पुल तथा फ्लामेपुल निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

१२०. सिँचाई सुविधा नपुगेका स्थानका लागि प्राथमिकता दिई सिँचाई आयोजना सञ्चालन गरिनेछ। मर्मत सम्भार गर्नुपर्ने, सुधार गर्न आवश्यक सिँचाई कुलो निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिनेछ। तरकारी उत्पादनको उच्च सम्भावना भएको २ नं.वडाको घण्टेखोलामा आगामी आ.व. भित्र व्यवस्थित सिंचाई सुविधा उपलब्ध गराईनेछ।

१२१. दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी भीमफेदी-९ बर्देउ, सिन्कीखाडल, भीमफेदी-१ सालघारी तथा भीमफेदी-७ कोगटे लगायत वडा नं.-२ घण्टेखोलामा संचारको पँहुच नभएका तथा नेटवर्क कमजोर भएका क्षेत्रमा टेलिफोन नेटवर्क र इन्टरनेट सेवा विस्तार गरिनेछ।

१२२. सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत गाउँपालिका भित्र रहेका सम्पूर्ण खरको छाना भएका घरहरुलाई विस्थापन गर्ने कार्यलाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ।

१२३. सडक तथा घरहरुको मापदण्ड तयार गरी सुरक्षित सडक तथा घर निर्माण गर्ने गरी सडक तथा घर नक्सापासको मापदण्ड/कार्यविधि तयार गरी आगामी आ.व.देखि कार्यान्वयन गरिने छ।

१२४. प्राकृतिक श्रोत तथा खानीको समन्यायिक उपयोगका लागि गाउँपालिकाको क्षेत्रभित्र रहेका खानी तथा खनिज पदार्थको संभावित क्षेत्रको पहिचान गरी लगत संकलन गरी लगानीमैत्री वातावरणका लागि सहजीकरण गरिनेछ।

१२५. संघ र प्रदेश सरकारद्वारा यस गाउँपालिकाभित्र सञ्चालनका लागि विनियोजित कार्यक्रम तथा आयोजनाहरु दोहोरोपना हुन नदिन आवश्यक समन्वय र सहजीकरण गरिनेछ।

(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फः-

१२६. गाउँपालिका क्षेत्रभित्र हुनसक्ने संभावित विपद् जोखिम क्षेत्रको पहिचान तथा नक्साङ्कन गरिनेछ। विपदको समयमा तत्काल उद्दार, राहत वितरण, पुनःस्थापना तथा पुनर्निर्माण सम्बन्धी कार्यलाई प्रभावकारी बनाइनेछ।

१२७. विगत दुई दशकभन्दा बढी अवधिदेखि बन्द अवस्थामा रहेको हेटौंडा-धोर्सिङ-काठमाडौं रोप-वे हाल जीर्ण अवस्थामा रहेको र उक्त रोप-वे का पुराना तार र पार्टपुर्जाका कारण जुनसुकै समयमा भयानक दुर्घटना निम्तिन सक्ने अवस्था रहेको हुँदा संघीय र प्रदेश सरकारलाई यथाशीघ्र आवश्यक व्यवस्थापन गर्न पहल तथा अनुरोध गरिने छ।

१२८. संभावित विपद जोखिमको पूर्व सतर्कता र पूर्वतयारी सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ। मनसुनजन्य तथा जलउत्पन्न प्रकोपबाट हुने क्षतिलाई कम गर्न नदी नियन्त्रण तथा बस्ती बचाउ कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

हिदम लामा
अध्यक्ष

१२९. गाउँपालिका भित्रका सबै प्रकृतिका वन क्षेत्रहरुको अभिलेख राखिने छ। सामुदायिक वनलाई थप जिम्मेवार बनाउन सम्बन्धित निकायसँग सहकार्य गरिने छ। वनडढेलो नियन्त्रणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१३०. जैविक विविधतायुक्त यस गाउँपालिकाको वन क्षेत्रको संरक्षण, विकास तथा बहुउपयोग गर्ने नीति लिइनेछ।

१३१. बायो इन्जिनियरिङमा आधारित सडक तथा पूर्वाधार विकासमा जोड दिइ वातावरणीय क्षति न्युनीकरण गरिनेछ।

१३२. गाउँपालिका भित्रको फोहोरमैला व्यवस्थापन गर्न उपयुक्त नीति तथा कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१३३. विपद व्यवस्थापन समितिलाई प्रभावकारी ढंगबाट कार्य अघि बढाउनको लागि यस सम्बन्धित पदाधिकारी, कर्मचारी, वडास्तरीय विपद व्यवस्थापन समिति लगायतको टिमलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ।

१३४. गाउँपालिकाको विपद व्यवस्थापन कोषमा आवश्यक रकम थप गरी परिचालन गरिनेछ।

(ङ) सुशासन तथा संस्थागत विकास तर्फः-

१३५. गाउँपालिकामा रिक्त रहेका दरबन्दीको क्रमशः पदपूर्ति गरिदै लगिने छ। गाउँपालिकामा कार्यरत कर्मचारीको कार्यक्षमता र कार्यकुशलतामा वृद्धि गर्न आवश्यक तालिम, गोष्ठीको व्यवस्था गरी कर्मचारी प्रशासनलाई सबलीकरण गरिनेछ। सेवा निवृत राष्ट्रसेवक कर्मचारीहरुको ज्ञान, सीप र अनुभवलाई उपयोगमा लिइने छ।

१३६. गाउँपालिकाबाट उपलब्ध गराइने सेवा प्रवाहलाई थप सरल, सहज, गुणस्तरीय र विश्वसनीय बनाइनेछ।

१३७. कर्मचारीहरुको कार्यसम्पादनको आधारमा उत्कृष्ट कर्मचारीलाई सम्मान र पुरस्कार वितरण गरिनेछ। कर्मचारीहरुलाई मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहन उपलब्ध गराई कार्यालयको कामप्रति थप जिम्मेवार बनाइनेछ।

१३८. पदाधिकारी कर्मचारीहरुलाई असल अभ्यास अनुसरण तथा अवलम्बन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।

१३९. पदाधिकारी तथा कर्मचारी बिचमा मैत्रीपूर्ण खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ।

१४०. कर्मचारी कल्याणकोष सम्बन्धी कार्य सञ्चालन गरिनेछ।

१४१. कर्मचारीको स्तरबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१४२. सेवाग्राहीमैत्री सेवा प्रवाह गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

१४३. गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्ने विभिन्न संभाव्य श्रोतहरुको खोजी र प्रयोग गरिनेछ। आन्तरिक आयको दर र दायरामा समसामयिक परिवर्तन गर्दै आय संकलन वृद्धि गरिनेछ।

हिदम लामा
अध्यक्ष

१४४. नवीनतम् प्रविधिको प्रयोग गरी राजस्वको संकलनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयबाट सफ्टवेयर प्रणालीमार्फत राजस्व संकलन गर्ने व्यवस्था लागु गरिनेछ।

१४५. भित्ते नागरिक वडापत्रलाई डिजिटल नागरिक वडापत्रले क्रमशः विस्थापित गर्दै सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाह सञ्चालनका लागि आवश्यक कार्य गरिनेछ।

१४६. टोल विकास संस्थाहरुलाई समुदायको हित अनुकुल संचालन गर्न आवश्यक प्रवन्ध गरीनेछ।

सभाध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु,

उल्लेखित नीति तथा कार्यक्रमको आधारमा आगामी आ.व.२०८१/८२ को लागि बनेको बार्षिक आयोजना/कार्यक्रमको प्रभावकारी कार्यान्वयन पश्चात गाउँपालिकाको प्राथमिकता प्राप्त क्षेत्रहरु आर्थिक, भौतिक, सामाजिक तथा साँस्कृतिक, वातावरणीय लगायत समग्र पक्षमा सुधार आई गाउँपालिकाको आवधिक योजनाले निर्दिष्ट गरेको अपेक्षित उपलब्धी हासिल गर्न मार्गप्रशस्त भएको हुनेछ।प्राकृतिक श्रोत, कृषि, पर्यटन र पूर्वाधारको विकास र उत्थानशीलता मार्फत गाउँपालिका सबल, सक्षम, आत्मनिर्भर र समृद्धीको बाटोतर्फ उन्मुख हुनेछ ।सामाजिक न्याय कायम भई समतामूलक समावेशी समाज निर्माणको आधार तयार भएको हुनेछ ।

अन्त्यमा,

भीमफेदी गाउँपालिकाको विकास सुशासन र संमृध्दिको लागि योगदान गर्ने सम्पूर्ण राजनीतिक दलका जनप्रतिनिधिज्यूहरु, राष्ट्र सेवक कर्मचारी, शिक्षक बुद्धिजीवी, दातृ निकाय, श्रमिक, निजी क्षेत्र, वित्तीय संघसंस्था सहकारी, सामुदायिक क्षेत्र, नागरिक समाज, सरकारी तथा गैर सरकारी संघसंस्था, संचार जगत, शासन साझेदार, आम भीमफेदीबासीहरु लगायत गाउँपालिकाका शुभचिन्तक महानुभावहरु सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै सम्भावित मनसुनजन्य प्रकोपबाट हुन सक्ने जोखिमलाई मध्य नजर गरी पूर्व सतर्कता तथा सुरक्षात्मक उपायहरु अपनाउन सम्पूर्ण भीमफेदी गाउँपालिका बासीमा अनुरोध गर्दै आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रमको प्रस्तुति यही समाप्त गर्न चाहन्छु।

धन्यबाद।

हिदम लामा
अध्यक्ष

संजिव श्रेष्ठ
उपाध्यक्ष
भीमफेदी गाउँपालिका
२०८२/३/१०